नेपाल सरकार
# कृषि, वन तथा पर्यावरण मन्त्रालय
कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा

पत्र सङ्ख्याः

चलानी नं.:

☎ ४२११९२९, ४२११९३२
४२११८०८, ४२११६६५
सिंहदरबार, काठमाडौं, नेपाल

**खाद्य सुरक्षा क्लस्टरमा आवद्ध राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरुलाई बाढी प्रभावित क्षेत्रहरूमा खाद्य सुरक्षा प्रतिकार्य र समन्वय सम्बन्धी अनुरोध**

मितिः २०८३/०५/१०

**आदरणीय खाद्य सुरक्षा क्लष्टरका सह-अगुवा तथा सदस्यज्यूहरू,**

मिति २०८३/५/१० गते चीनको स्वशासित क्षेत्रबाट शुरु भई रसुवा जिल्ला र भोटेकोशी तथा त्रिशुली नदीको तल्लोतटीय क्षेत्रमा आएको विनाशकारी बाढीका कारण भएको ठूलो जनधनको क्षति र विनाशको खबरले हामीलाई अत्यन्तै मर्माहत बनाएको छ। कृषि, वन तथा पर्यावरण मन्त्रालयको तर्फबाट हामी यस प्राकृतिक विपद्मा आफ्ना प्रियजनहरू गुमाउनु हुने शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं र प्रभावित सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरू प्रति गहिरो सहानुभूति एवं ऐक्यबद्धता व्यक्त गर्दछौं।

यस चुनौतीपूर्ण घडीमा, प्रभावित तथा जोखिममा रहेका नागरिकहरूका लागि पर्याप्त खाद्य सामाग्री र अन्य अत्यावश्यक सहयोगको पहुँच सुनिश्चित गर्नु हामी सबैको साझा जिम्मेवारी हो। खाद्य सुरक्षा क्लष्टर (Food Security Cluster) को नेतृत्वदायी निकायको हैसियतले यस मन्त्रालय सबै सह-अगुवा (Co-leads) तथा सदस्यहरूलाई उच्च सतर्क अवस्थामा रहन र प्रभावित क्षेत्रहरूमा देखा पर्ने खाद्य सुरक्षाका तत्कालीन आवश्यकताहरू सम्बोधन गर्न पूर्ण सहयोग र समन्वयका लागि हार्दिक अनुरोध गर्दछौ।

विशेष गरी खाद्य तथा अन्य अत्यावश्यक राहत सामाग्रीको परिचालनका लागि हामी सम्पूर्ण खाद्य सुरक्षा क्लष्टरमा आवद्ध साझेदार संस्थाहरूलाई विशेष आग्रह गर्दछौं।

ई. जगन्नाथ तिवारी
सहसचिव